# Volunteers' Association for Disabled, Nepal (VAD Nepal)

*"Promoting self-help, not sympathy"*

Postal Address:Kathmandu, Nepal
Email : vadnepal@yahoo.com
Website: **www.vadnepal.org**
Phone  +977-1-4280005,4700989
Mobile:9851001169 Or Dail 1618014280005 (Can be dialed from all NT network)




# अपाङ्गता भएका व्यक्तिहरुका लागि संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम

## अवधारण पत्र

राजनैतिक परिर्वतन संगै समाजको परिवर्तन पनी आवश्यक छ । अपाङ्गता चाहेर हुने हैन । जहाँ समाज हुन्छ त्यहाँ अपाङ्गता भएकाहरु हुन्छन । हाम्रो देशमा अझ पनी अपाङ्गता भएकाहरुलाई केही गर्न नसक्ने बर्गको रुपमा लिइएको पाईन्छ ।

अपाङ्गता भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धि दिर्घकालिन अशक्तता द्धारा सिर्जित बिभिन्न अवरोधहरु संगको अंतक्रियाको कारणले समाजमा अन्य ब्यक्ति सरह सामान आधारमा पूर्ण वा प्रभावकारी ढंग बाट सहभागी हुन बाधा भएको जनाउछ । अपाङ्गता हुन नदीने तथा अपाङ्गता भएकाहरुलाई पनी उचित शिक्षा, तालिम तथा पुनर्स्थापनाको कार्यमा सबै व्यावसायिक संघ संस्थाले संस्थागत सामाजिक उतरदायित्व अन्तर्गत थोरै भए पनी सहयोग पुरयाएमा उनीहरु पनी सामाजमा योगदान गर्न योग्य नागरिक हुन सक्छन् । त्यसकारण अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वंसेवाका रुपमा संस्थागत सामाजिक उतरदायित्व अन्तर्गत यो प्रस्ताव तयार पारिएको छ ।

## उदेश्य

- अपाङ्गता पुनस्थापना केन्द्र निर्माण गर्न तथा अपाङ्गता भएकाहरुलाई समुदायमा आधारित भएर पुनर्स्थापना कार्यलाई सहज बनाउन।
- बिभिन्न व्यावसायिक क्षेत्रमा कार्यरत संघ संस्था बिचमा सहकार्य गरि काम गर्ने संस्कृतिको बिकास गर्न।

## प्रस्तावित कार्यक्रम

- व्यावसायिक क्षेत्रमा कार्यरत संघ संस्थाले आफ्नो उत्पादन तथा सेवाबाट प्राप्त भएको मुनाफाको केही प्रतिशत VAD Nepal को कार्यक्रममा सहभागी जनाउने ।
- VAD Nepal ले व्यावसायिक क्षेत्रको प्रवाद्धन गर्न कार्यमा सहयोग पु-याउने ।

## उपलब्दी

- अपाङ्गता भएकाहरुलाई समाजले हेर्ने दृष्टि कोणमा परिवर्तन हुने छ ।
- सामुहिक कार्यले सामूहिक आवाज बुलंद भई सामान अधिकार प्राप्त गर्न तथा व्यवसायको प्रवाद्धन भई आत्मबलको बिकास हुने छ ।
- सामाजमा रहेर सामाजिक गतिविधिमा संलग्न भएबाट आफ्नो संस्थागत सामाजिक उतरदायित्व पूरा हुनेछ ।

# कार्यक्रम रणनिति,

- व्यावसायिक क्षेत्रमा कार्यरत संघ संस्थाले आफ्नो उत्पादन तथा सेवाबाट प्राप्त भएको मुनाफाको केही प्रतिशत VAD Nepal को एक बिशेष कोषमा साप्ताहिक रुपमा जम्मा गरिने छ । जसबाट VAD Nepal ले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्छ ।
- VADNepal र व्यावसायिक संस्था बिच सहकार्य सम्बन्धि सम्झौता गरि यो कायंक्रम सञ्चालन गरिने छ ।
- VAD Nepal ले व्यावसायिक संस्थाको प्रवाद्धान गर्न कार्यमा सहयोग पु-याउने छ यस को बिबरण साप्ताहिकरुपमा सम्बन्धित व्यावसायको कार्यालयमा बुझाउने छ ।
- सम्बन्धित व्यावसायिले आफ्नो सेवा तथा उत्पादनको पर्चा टिकट ब्रोसर आदिमा संस्थागत सामाजिक उतरदायित्व अन्तर्गत VAD Nepal को लोगो र Website राखिने छ ।
- VAD Nepal ले व्यावसायिक संस्थाको पर्चा ब्रोसर आदिमा सामुहिक कार्य अन्तर्गत व्यावसायिक संस्थाको लोगो र Website राखिने छ ।
- प्रत्येक हप्ता आवश्यक प्रगति बिबरण आदान प्रदान गरिने छ ।